## गोरखापत्र संस्थान

धर्मपथ, काठमाडौं

# सिलबन्दी बोलपत्र आह्वानको सूचना

**सूचना नं. ०८।०७६।७७**

**प्रथमपटक प्रकाशित मिति : २०७७।०३।२५ गते**

यस संस्थानको प्रदेशस्तरीय प्रकाशन कार्यालय विराटनगरलाई सिलबन्दी बोलपत्र फाराममा उल्लेख गरिएको स्पेसिफिकेशन बमोजिम Thermal प्रविधिको C to P Machine मा प्रयोग हुने With Process C to P Plate आवश्यक परेकोले सो सामान डोर डेलिभरी मूल्यमा सप्लाइ गर्न चाहने इच्छुक रजिस्टर्ड फर्म वा कम्पनीहरूबाट सिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

१. सिलबन्दी बोलपत्र पेस गर्नको लागि संस्थानबाट बिक्रि हुने बोलपत्र फाराम रू.३,०००।- (तीन हजार फिर्ता नहुने गरी) तिरी संस्थानको खरिद शाखाबाट प्राप्त गर्न सकिनेछ।

२. सिलबन्दी बोलपत्रसाथ तपसिलमा उल्लेख भएको रकम (बिड सेक्युरिटी) वापत यस संस्थानको नेपाल बैंक लिमिटेड धर्मपथ, काठमाडौं अफिसस्थित चल्ती खाता नं. ००२००१००५०२४२५०००००१ मा नगद जम्मा गरी सो को सक्कल भौचर वा संस्थानको नाममा जम्मा गरेको १२० दिन बराबरको "क" श्रेणीको बैंकको जमानतपत्र पेस गर्नुपर्नेछ।

३. बोलपत्र प्रथमपटक प्रकाशित भएको मितिले ३१ दिन भित्र अर्थात् मिति २०७७।०४।२४ गते दिनको १२:०० बजे भित्र सिलबन्दी गरी खामको बाहिर Thermal प्रविधिको With Process C to P Plate सम्बन्धी सिलबन्दी बोलपत्र भनी श्रीमान् कार्यकारी अध्यक्षज्यू, गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं उल्लेख गरी यस संस्थानमा दर्ता गरी बुझाउनुपर्नेछ। बोलपत्र बुझाउने अन्तिम दिन तथा खोल्ने दिन बिदा परेमा सो कार्य त्यसको भोलिपल्ट हुनेछ।

४. इजाजत प्राप्त सप्लायर्स र फर्महरूले आफूले सामान उत्पादन गर्ने कम्पनी, ब्राण्ड र Authorization Letter समेत पेस गर्नुपर्नेछ।

५. बोलपत्रमा कबोल गरेको रकम (भ्याटबाहेक) भनी अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ। भ्याटबाहेक भनी उल्लेख नभएको प्रस्तावित रकमलाई भ्याटसहित मानिनेछ।

६. बोलपत्रदाताले बोलपत्रको साथमा फर्म दर्ताको प्रमाणपत्र, आयकर, मूल्य अभिवृद्धि कर नवीकरणसमेत भएको प्रमाणित प्रतिलिपि संलग्न राखी लाहाछाप लगाई बुझाउनुपर्नेछ। साथै आ.व.०७५/०७६ सम्मको कर चुक्ताको प्रमाणपत्र समेत पेस गर्नुपर्नेछ।

७. प्राप्त बोलपत्रहरू सूचना अवधिको अन्तिम दिन अर्थात् २०७७/०४/२४ गते दिउँसो १:०० बजे संस्थानको बैठक कक्षमा बोलपत्रदाता वा निजका प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ। उपस्थित प्रतिनिधि अख्तियारनामा सहित उपस्थित हुनुपर्नेछ।

८. माथि जुनसुकै कुरा लेखिएको भएतापनि बोलपत्रदातालाई कुनै कारण जनाउ नदिईकन पनि बोलपत्र आंशिक वा पुरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानसँग सुरक्षित रहनेछ।

९. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्रमा संस्थानमा उपस्थित भई सम्झौता गर्नुपर्नेछ। उक्त म्यादभित्र उपस्थित नभएमा वा सम्झौता नगरेमा निजको धरौटी रकम जफत गरी सामान खरिद गर्न अर्को व्यवस्था गरिनेछ। सम्झौता भएको ६० दिनभित्र सामान आपूर्ति गरिसक्नुपर्नेछ।

१०. बोलपत्र स्वीकृत भई बोलपत्रदाताले दिएको सामानहरू संस्थानले माग गरे अनुसारको नभएमा सो सामान संस्थानले बोलपत्रदातालाई फिर्ता गर्न सक्नेछ।

११. स्वीकृत बोलपत्रदाताले सम्झौता भई सकेपछि कबुलियत बमोजिमको सामान नबुझाएमा संस्थानले सम्झौता भङ्ग गरी धरौटी रकम जफत गर्नेछ। यसरी सामान उपलब्ध गर्दा सम्झौता गरिएको भन्दा जे जति बढी पर्दछ सो बढी रकम बोलपत्रदातासँग असुलउपर गरिनेछ।

१२. बोलपत्रदाताले यस संस्थानबाट बिक्री गरेको बोलपत्रपत्र फाराममा मुल्य सूचि, बोलपत्र जमानत, कार्य सम्पन्न आपूर्ति समय तालिका प्रष्टसँग उल्लेख गर्नुपर्नेछ।

१३. बोलपत्रदाताले आफू कालो सूचिमा नपरेको स्वः घोषित घोषणापत्र पेस गर्नुपर्नेछ।

१४. यस सूचनामा नपरेका अन्य विषयमा नेपाल सरकारको प्रचलित ऐन नियमबमोजिम हुनेछ।

**सिलबन्दी बोलपत्रको विवरण**

| सि. नं. | सामानको विवरण | परिमाण | पेश गर्नुपर्ने बोलपत्र जमानत रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १ | With Process C to P Plate (576×710 ×0.28mm) | १८००० (अठार हजार) थान | रू. १,२३,०००।- (एक लाख तेइस हजार) | रू. ३,०००।- (एक हजार) |
| २. | Replenisher | ७०० (सात सय) लिटर | | |
| ३. | Developer | २५० (दुई सय पचास) लिटर | | |

**नोट** : यो सूचना गोरखापत्र संस्थानको वेब साइट www.gorkhapatra.org.np मा पनि हेर्न सकिनेछ।

**गोरखापत्र संस्थान**

**खरिद शाखा**

**फोन नं.४२४४४३७**